कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं.:- ०७६/०७७

च.नं. :-

मितिः२०७६/१२/२१

## प्रेस विज्ञप्ति

नोवेल कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संकटबाट जोगिन तथा सृजित समस्यालाई सामना गर्न सम्भावित संक्रमणको जोखिम न्यूनिकरण गर्न नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि मुलुकभर लकडाउन गरेको व्यहोरा अवगत नै छ ।

मानव जातिकै चुनौतिको रुपमा देखिएको यस महामारीबाट बच्न र बचाउन सबैको साझा चुनौतीको रुपमा देखिएको कोरोना भाइरसबाट कोहलपुर नगरपालिका पनि संक्रमित भई जोखिमबाट प्रभावित हुनसक्ने संभावनालाई मध्यनजर गर्दै सोको रोकथाम र नियन्त्रणका लागि यस कोहलपुर नगरपालिका प्रयासरत छ ।

लकडाउनको अवस्थामा जनतामा आधारभूत दैनिक उपभोग्य सामाग्रीहरुको सहज आपूर्ति व्यवस्था मिलाउन यस नगरक्षेत्र भित्र क्रियाशिल राजनीतिक दल,कोहलपुर उद्योग वाणिज्य संघ र अन्य संघ/सस्थाहरु सँग आवश्यक समन्वय र सहकार्य गरि राखेका छौ ।लकडाउनको कारणले दैनिक ज्यालादारी/रोजगारी गरी जीविकोपार्जन गर्ने,असहाय,अपाङगता भएका व्यक्ति,विपन्न तथा वेसहारा नागरिक,वृद्धवृद्धा र घरमा रोजगारी नभएका परिवारलाई राहत उपलब्ध गराउने (१५किलो चामल,२के.जी.दाल,१लिटर तेल र १के.जी नून) सम्वन्धमा मिति २०७६।१२।१९ गतेको नगर कार्यपालिकाको बैठक बसी राहत उपलब्ध गराउने निर्णय समेत भएको हुदाँ १५ वटै वडा कार्यालयबाट प्राप्त विवरणका आधारमा वडा कार्यालयहरुलाई रकम समेत उपलब्ध गराइएको छ ।

कोरोना भाइरसको कारण उत्पन्न महासंकटको अवस्थामा अन्य सरोकारवाला निकाय,विभिन्न संघ,संस्था,उद्योगी,व्यापारी लगायत अन्य व्यक्तिहरुले समेत राहत उपलब्ध गराउन सक्ने र केही व्यक्ति र संघ/संस्था समेतबाट नगर व्यवस्थापन कोषमा नगद तथा जिन्सी सहयोग प्राप्त भएको अवस्था छ ।

नेपाल सरकारले लिएको एकद्वार नीति अनुरुप राहत उपलब्ध गराउनु पर्ने भएको हुदाँ राहत सहयोग गर्न चाहने व्यक्ति,संघ/संस्थाहरुले कोहलपुर नगरपालिकामा खाद्य समाग्रीहरु(चामल,दाल,नून,तेल र सावुन)जिन्सी दाखिला गर्न सक्नुहुनेछ र आर्थिक सहयोग गर्न चाहने जोसुकै महानुभावहरुले कोहलपुर नगरपालिकाको कृषि विकास वैक,कोहलपुर शाखामा रहेको विपद् व्यवस्थापन कोष, खाता नं.०७२०५०१०००२३५३०६ मा नगदै जम्मा गर्न सक्नु हुनेछ ।नगरपालिकासंग समन्वय नगरी राहत वितरण कार्य गर्ने जो कोही व्यक्ति,संघ/संस्थाहरुको राहत सामाग्री जफत गरी प्रचलित कानून बमोजिम कारवाही समेत हुने व्यहोरा सम्पूर्ण नगरवासीलाई जानकारी गराउन चाहन्छु । कोहलपुर नगरपालिकाले जारी गरेको सूचना पालना गर्ने दायित्व आम नगरवासीहरुकै हो । संकटको यस समयमा सबैको साथ सहयोगको अपेक्षा गर्दै लकडाउनको पूर्ण पालना गर्न गराउन हुन समेत अनुरोध गर्दछु ।

...........

लुट बहादुर रावत

नगर प्रमुख

लुट बहादुर रावत
नगर प्रमुख

वेब साइटः www.kohalpurmun.gov.np ई-मेलः- info@kohalpurmun.gov.np
kohalpurmun@gmail.com

Scanned with CamScanner